# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः १) छत्रकोट गाउँपालिका, मितिः २०७४/११/११ (संख्याः ११**


## भाग–२

## छत्रकोट गाउँपालिका, गुल्मी

### २०७४ सालको निर्देशिका नं. १

### निर्देशिकाको नाम : छत्रकोट गाउँपालिकाको जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७४

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७४/११/०३

१. **परिचयः** जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुप्रति श्रध्दा आधार तथा सद्भाव अभिवृध्दि गर्न साथै राज्यव्दारा तोकिएको सेवा एवम सुविधाको उचित व्यावस्थापन गरी नेपालको संविधानको अनुसूचि ८ को क्र स १६ बमोजिम कार्य गर्न जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७४ जारी गरिएको छ ।

२. **परिचय पत्र वितरणका आधार** : नेपालको संविधान धारा ४१ मा उल्लेख भए बमोजिम जेष्ठ नागरिकको हक, जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार जेष्ठ नागरिकहरुलाई परिचउ पत्र दिने व्यवस्था लगाएत जेष्ठ नागरिक परिचय पत्र वितरणका आधारमा हुनेछन ।

३. उद्देश्य

क) जेष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै जेष्ठ नागरीकहरुको लागत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त जेष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र जेष्ठ नागरिहरुको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन सार्वजनीक कार्य स्वास्थ्य सेवा धार्मिक तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग सरल रुपमा प्रादान गर्ने।

ग) प्रचलित ऐन नियमअनुसार जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा न्याय अधिकार र समानता प्रदान गरि निजहरुमा रहेको ज्ञान सीप क्षमता र अनुभवको सदुपयोग गरी विकाश प्रक्रियामा सहभागि गराउने ।

४. **लक्षित वर्ग** : जेष्ठ नागरिक सम्बन्धि ऐन २०६३ ले परिभाषित गरे अनुसारको साठि वर्ष उमेरपुरा गरेका सबै नेपाली नागरिकहरु।

**५. जेष्ठ नागरिक वर्गीकरणः** जेष्ठ नागरिक सम्बन्धि नियमावलि २०६५ को नियम १४ को उपनियम (१) बमोजिम जेष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएको छ ।

क) सत्तरी वर्ष उमेर पूरा नगरेको जेष्ठ नागरिक

ख) सत्तरि वर्ष उमेर पूरा गरेको वरिष्ठ जेष्ठ नागरिक

ग) असहाय जेष्ठ नागरिक

घ) अशक्त जेष्ठ नागरिक

ङ) एकल जेष्ठ नागरिक

६. **परिचय पत्र वितरणका मापदण्डः** जेष्ठ नागरिक सम्बन्धप नियमावलि २०६५ को नियम १५ बमोजिम साठि वर्ष उमेर पुगेका नेपाली नागरिकलाई मात्र जेष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ ।

७. **जेष्ठ नागरिक सम्बन्धि नियमावलि २०६५** को अनुसूचि ३ को बमोजिमको ढाँचालाई नै आधार मानि जेष्ठ नागरिक परिचय पत्रको ढाँचा यस निर्देशिकाको अनूसूचि (१) बमोजिमको हुनेछ । जेष्ठ नागरिक परिचय पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण पत्रको आकारमा बराबर हुनेछ ।

८. **परिचय पत्र वितरणको प्रक्रिया**

क) जेष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको जेष्ठ नागरिक स्वंयम वा निजको संरक्षणले छत्रकोट गाँउपालिका गाँउपालिका प्रमुख समक्ष निवेदन दिनुर्नेछ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकत्ताको प्रमाण पत्रको प्रतिलिप र दुई प्रति अटो साईजको फोटो संलग्न हुनु पर्नेछ ।यस प्रयोजनका लागि नागरिकताको प्रमाण पत्रलाई आधार मानिने छ ।

ग) जेष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने अधिकारि छत्रकोट गाँउपालिकाका प्रमूख प्रशासकिय अधिकृत वा निजले तोकेको पदाधिकारि हुनेछ ।

घ) परिचय पत्र प्रप्त जेष्ठ नागरिक हरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरि गाँउपालिकाको कार्यलयमा राखि वार्षिक रुपमा प्रदेश र संघको संवन्धित मन्त्रालयमा जानाकारि गराउन पर्नेछ ।

ङ) जेष्ठ नागरिक परिचय पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरि कार्यलयको सिफारिश वा वडाको सिफारिश सहित छत्रकोट गाँउपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

**९. विविध**

क) जेष्ठ नागरिक परिचय पत्र वितरणका लागि छत्रकोट गाँउपालिकाले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख) जेष्ठ नागरिक परिचउ पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यावस्था बाहेक प्रचलित कानूनको अधिनमा रहि प्रमूख प्रशासकिय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

प्रमाणिकरण मितिः २०७४।११।११

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत